# Adarsha Laghubitta Bittiya Sanstha Limited

## आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडको
## आ.ब.२०७८/०७९ को पाँचौ बार्षिक साधारण सभाको
## काम कारवाहीको प्रमाणित बिवरण (माईन्युट)

१. **वैधानिक सभा :**

आदर्श लघुवित्त वित्तीय संस्था लि., बनेपा ७, काभ्रेपलाञ्चोकको आ.व.२०७८/७९ को पाँचौ बार्षिक साधारण सभा कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम कम्पनीका संचालक समितिका अध्यक्ष श्री सूर्यकुमारी श्रेष्ठ ज्यूको सभापतित्वमा निम्न मिति, समय र स्थानमा विहान ११:०० बजे शुरु भई १:३० बजेसम्म पूर्व निर्धारित विषय माथि छलफल गरी भएको निर्णय अभिलेख (माईन्युट) निम्न बमोजिम रहेको छ ।

२. **सभा भएको मिति, स्थान र समय :**

मिति :- २०७९ साल फागुन ३० गते (१४ मार्च, २०२३, मंगलवार)
स्थान :- गौतम भिलेज रिर्सोट, बनेपा नगरपालिका वडा नं.११, काभ्रेपलाञ्चोक ।

३. **सभाको सूचना प्रकाशन :**

कम्पनी ऐन २०६३ को दफा ६७(२) र वित्तीय संस्थाको नियमावलीको नियम १८ बमोजिम पाँचौ बार्षिक साधारण सभा सम्बन्धी जानकारी तथा सूचना मिति २०७९/११/०९ गते प्रथम पटक र मिति २०७९/११/१८ गते दोश्रो पटक कारोवार राष्ट्रिय दैनिक पत्रिकामा साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषय समेतको सूचना शेयरधनी महानुभावहरुमा जानकारीको लागि प्रकाशित गरिएको थियो ।

४. **उपस्थिति :**

(क) **सञ्चालक समितिका पदाधिकारीहरु :**

| क.सं. | नाम, थर | पद |
|---|---|---|
| १ | श्री सूर्यकुमारी श्रेष्ठ (संस्थापक शेयरधनी) | अध्यक्ष |
| २ | श्री नीलीमा काफ्ले (संस्थापक शेयरधनी) | संचालक |
| ३ | श्री सुसन कर्माचार्य (संस्थापक शेयरधनी) | संचालक |
| ४ | श्री प्रभा धिताल (संस्थापक शेयरधनी) | संचालक |
| ५ | श्री गोकुलचन्द्र अधिकारी (विज्ञ) | स्वतन्त्र संचालक |

(ख) **अन्य पदाधिकारीहरु :**

| क.सं. | नाम, थर | पद |
|---|---|---|
| १ | श्री राजेश शर्मा | प्रमुख कार्यकारी अधिकृत(कम्पनी सचिव) |
| २ | श्री पुष्प राज ढकाल | वरिष्ठ प्रबन्धक |
| ३ | श्री शिवहरी खडका | का.मु.वरिष्ठ अधिकृत |
| ४ | श्री बिनोद कुमार महतो | अधिकृत |

(ग) **शेयरधनी सदस्य तथा अन्य प्रतिनिधिज्यूहरु : संलग्न उपस्थिति रेकर्डको हाजिरी अनुसार ।**

५ **छलफलका प्रस्तावहरु :**

(क) **साधारण प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल तथा पारित गर्ने ।

२. आ.व. २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण एवं सोसंग सम्बन्धित अनुसूचीहरु पारित गर्ने ।

३. सञ्चालक समितिको सिफारीस बमोजिम यस वित्तीय संस्थाको आ.व.२०७८/७९ को मुनाफा र गत बर्ष सम्मको संचित मुनाफा रकम समेतबाट २०७९ आषाढ मसान्तमा कायम

रहेको चुक्ता पूँजी रु.२,०७,००,०००।- (अक्षरेपी दुई करोड सात लाख) को १.०५ प्रतिशतले हुन आउने रकम रु.२,१७,८९४।७४ (अक्षरेपी दुई लाख सत्रहजार आठसय चौरानब्बे र पैसा चौहत्तर) नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनको लागि मात्र) वितरण गर्न स्विकृत गर्ने ।

४. आ.व.२०७९/८० को लेखापरीक्षणको लागि लेखापरीक्षण समितिबाट सिफारिश भए बमोजिम लेखापरीक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
(वर्तमान लेखापरीक्षक पिआरएसएच एण्ड चार्टर्ड एसोसिएट्स कम्पनी ऐन २०६३ को दफा १११(३) बमोजिम पुनः नियुक्तिको लागी योग्य नरहेको)

५. यस वित्तीय संस्थाको समूह "ख" साधारण शेयरधनीहरु मध्येबाट २ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिको सिफारिश बमोजिम यस वित्तीय संस्थाको आ.व.२०७८/७९ को मुनाफा र गत बर्षसम्मको संचित मुनाफा रकम समेतबाट २०७९ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु.२,०७,००,०००।- (अक्षरेपी दुई करोड सात लाख) को २० प्रतिशतले हुन आउने रकम रु.४१,४०,०००।-(अक्षरेपी एकचालिस लाख चालिस हजार) बोनस शेयर वितरण गर्न स्विकृत गर्ने ।

२. हाल वित्तीय संस्थाको जारी तथा चुक्ता पुँजी रु.२,०७,००,०००।- रहेकोमा बोनश शेयर जारी पछि कायम हुने जारी पूँजी र चुक्ता पूँजी रु.२,४८,४०,०००।-(अक्षरेपी दुई करोड अठचालीस लाख चालिस हजार) पुऱ्याउन यस वित्तीय संस्थाको प्रबन्ध-पत्रको दफा ६ को उपदफा (ख) र (ग) मा आवश्यक संशोधन गर्ने ।

३. आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेड लाई डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति(एक्विजिशन) गर्ने प्रयोजनकोलागि सम्पन्न सम्झौतापत्र, सहमतिपत्र, संयुक्त प्राप्ती(एक्विजिशन) समिति गठन एवं संयुक्त प्राप्ति (एक्विजिशन) समितिलाई आवश्यक कार्य गर्न सक्ने अख्तियार प्रत्यायोजन गर्ने । सञ्चालक समितिको निर्णय अनुमोदन गर्ने ।

४. आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनका लागि चल, अचल सम्पत्ति र दायित्व मूल्यांकन (Due Diligence Audit) गर्न संयूक्त प्राप्ति (एक्विजिशन) समितिबाट सम्पत्ती र दायित्व मूल्यांकनकर्ता एस.ए.आर.एसोसियट्स चाटर्ड एकाउण्टेण्टस्लाई गरेको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गरेकोमा सञ्चालक समितिको सिफारिश बमोजिम लेखापरीक्षक नियूक्ति र पारिश्रमिक सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने ।

५. आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि मूल्याङ्कनकर्ता एस.ए.आर एसोसियट्सबाट प्राप्त सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा संयूक्त प्राप्ति (एक्विजिशन) समितिको सिफारिशमा यस वित्तीय संस्थाको सञ्चालक समितिले स्वीकृत गरे बमोजिम डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर बरावर आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर हुने गरी शेयर आदान प्रदान अनूपात (Share Swap Ratio) १:१ (एक कित्ता बरावर एक कित्ता) कायम गरी डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि.ले यस वित्तीय संस्थालाई प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने ।

६. आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनकोलागि गर्ने तथा अन्तिम सम्झौता पत्र (Final Scheme of Arrangement) लगायतका अन्य कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

७. आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिशन) गरे पश्चात डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट एकिकृत कारोवार गर्ने प्रस्ताव पारित गर्ने ।

८. आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने प्रक्रियामा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायत नियमनकारी निकायको स्वीकृति लिने/अभिलेख गर्ने क्रममा वा पूँजी संरचना वा प्रबन्धपत्र, नियमावलीको संशोधन सम्बन्धमा नियमनकारी निकायहरुबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन बमोजिम संशोधन/परिमार्जन समेतका सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

**(ग) विविध :**

**५. उपस्थिति : शेयरधनीहरुको उपस्थिति :**

| | |
|---|---|
| (क) संस्थागत संस्थापक शेयरधनीको प्रतिनिधि संख्या : | २ |
| (ख) व्यक्तिगत संस्थापक शेयरधनी संख्या : | २१ |
| (ग) सर्वसाधारण शेयरधनी संख्या : | ४० |
| **जम्मा शेयरधनी संख्या** | **६३** |

**६. गणपुरक संख्या (कम्पनी ऐन २०६३ को दफा ७३ अनुरुप) :**

| बिवरण | कुल शेयर संख्या | शेयरधनी को उपस्थिति | उपस्थित शेयरधनीको शेयर संख्या | बाँडफाँड भएको कुल शेयरको प्रतिनिधित्व % |
|---|---|---|---|---|
| (क) संस्थागत संस्थापक शेयरधनीको (११ जनाको प्रोक्सि सहितको) उपस्थिति : | २०७,००० | २३ | १,३१,००० | ६३.२९% |
| (सर्वसाधारण शेयरधनीको (१७ जनाको प्रोक्सी सहितको) उपस्थिति : | २०७,००० | ४० | २२,४४ | १.०८% |
| **जम्मा :** | **२,०७,०००** | **६३** | **१,३३,२४४** | **६४.३७%** |

**७. सभाको वैधानिकता र सभा संचालन :**

७.१ कम्पनी ऐन २०६३ तथा यस वित्तीय संस्थाको नियमावली बमोजिम सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुनेगरी कुल शेयरधनी मध्ये कम्तीमा ३ जना शेयरधनीहरुको उपस्थिति हुनुपर्ने प्रावधान रहेकोमा वित्तीय संस्थाको पाँचौ बार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या ६३ को शेयर संख्या १,३३,२४४ भएको र बाँडफाँड भएको कुल शेयर संख्या २०७,००० को ६४.३७% प्रतिनिधित्व भएको हुँदा साधारण सभाको गणपुरक संख्या तथा प्रतिनिधित्व पुगेकोले प्रचलित कानून बमोजिम सभा बैधानिक भएको जानकारी कम्पनी सचिवले गराउनु भयो ।

७.२ वित्तीय संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने कुरा कम्पनी सचिवले सभामा जानकारी गराउनु भयो । सभाको सञ्चालन कम्पनी सचिवले गर्नुभयो ।

७.३ सभामा अध्यक्षज्यूको अनुमतिले वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री राजेश शर्माले स्वागत मन्तव्य तथा संस्थापक शेयरधनीहरुबाट गरिमा विकास बैंक लि.को तर्फबाट प्रतिनिधित्व गर्नुहुने श्री देवराज न्यौपाने र श्री कृष्ण कुमार प्रधानले शुभकामना मन्तव्य राख्नु भएको थियो भने सर्वसाधारण शेयरधनीको तर्फबाट श्री शिव प्रसाद पौडेल ज्यूले मन्तव्य राख्नु भयो ।

७.४ अध्यक्षज्यूले पानसमा बत्ती बालेर सभाको उद्घाटन गर्नुभयो । साथै, उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत अभिवादन गर्नुहुँदै सभाको कार्य अघि बढाउनु भयो ।

८. **पाँचौ बार्षिक प्रतिवेदन प्रस्तुत :**

८.१ सभाको प्रारम्भमा पूर्व निर्धारित छलफलका विषयसूची अनुसार सञ्चालक समितिको आ.ब. २०७८/०७९ को बार्षिक प्रतिवेदन अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नुभयो ।

८.२ तत्पश्चात् अध्यक्षज्यूले आ.ब.२०७८/०७९ को कारोवारको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह बिवरण सहितको लेखा परीक्षण प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नुभयो र सो उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न तथा सो सम्बन्धमा कुनै प्रश्न तथा सुझाव भए जानकारी गराउन सभा समक्ष अनुरोध गर्नुभयो ।

८.३ छलफलका लागि सभामा प्रस्तुत भएका प्रस्तावहरुमा उपस्थित शेयरधनीहरुले राख्नुभएको जिज्ञासाको प्रतिउत्तर अध्यक्षज्यूले दिनुभएको थियो ।

९ **सभाको प्रस्ताव उपर छलफल तथा निर्णयहरु :**

९.१ **पूर्व निर्धारित साधारण प्रस्ताव नं. (१)** सम्बन्धमा यस कम्पनीको सञ्चालक समितिले तयार गरी अध्यक्षज्यूले अनुमोदनको लागि सभा समक्ष प्रस्ताव गर्नुभएको कम्पनीको आर्थिक वर्ष २०७८/०७९ को बार्षिक प्रतिवेदन माथी शेयरधनीहरु बीच छलफल भई सभाबाट सो प्रतिवेदन सर्वसम्मतिले अनुमोदन गरी पारित गर्ने निर्णय गरियो ।

९.२. **पूर्व निर्धारित साधारण प्रस्ताव नं. (२)** सम्बन्धमा कम्पनीद्वारा नियुक्त लेखा परीक्षकबाट प्राप्त आ.ब.२०७८/०७९ को कारोवारको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह बिवरण सहितको लेखा परीक्षण प्रतिवेदन पारित गर्नका लागि प्रस्ताव गरिएकोमा उक्त प्रतिवेदन माथि सभामा छलफल भई उल्लिखित बिवरण सहितको लेखा परीक्षण प्रतिवेदन सर्वसम्मतिबाट अनुमोदन गरी पारित गर्ने निर्णय गरियो ।

९.३ पूर्व निर्धारित साधारण प्रस्ताव नं.(३) सम्बन्धमा सञ्चालक समितिको सिफारीस बमोजिम यस वित्तीय संस्थाको आ.व.२०७८/७९ को मुनाफा र गत बर्ष सम्मको संचित मुनाफा रकम समेतबाट २०७९ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु.२,०७,००,०००।- (अक्षरेपी दुई करोड सात लाख) को १.०५ प्रतिशतले हुन आउने रकम रु.२,१७,८९४।७४ (अक्षरेपी दुई लाख सत्रहजार आठसय चौरानब्बे र पैसा चौहत्तर) नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनको लागि मात्र) वितरण गर्न स्विकृत गर्ने प्रस्ताव अध्यक्ष ज्यूबाट सभा समक्ष पेश गुर्नभएकोमा सो प्रस्ताव सर्वसम्मतबाट पारित गरियो ।

९.४. **पूर्व निर्धारित साधारण प्रस्ताव नं.(४)** सम्बन्धमा यस वित्तीय संस्थाको आ.ब. २०७९/०८० को कारोबारको नाफा नोक्सान हिसाब, नगद प्रवाह बिवरण, वासलात सहितको लेखा परीक्षण प्रतिवेदन, कर परीक्षण प्रतिवेदन र दफा ७८ को बिवरण समेत तयार गर्नेगरी लेखा परीक्षण गर्न वित्तीय संस्थाको लेखा परीक्षण समितिको सिफारिश अनुसार वर्तमान लेखापरीक्षक पिआरएसएच एण्ड चार्टर्ड एसोसिएट्स कम्पनी ऐन २०६३ को दफा १११(३) बमोजिम पुनः नियुक्तिको लागी योग्य नरहेको **पि.एल.आर.जि. एण्ड एसोसिएट्स चाटर्ड एकाउन्टेण्ट्स**, काठमाडौंलाई पारिश्रमिक शुल्क बापत मुल्य अभिबृद्धि कर सहित रु.१,१३,०००/- (अक्षरेपि रु.एकलाख तेन्ह हजार मात्र) तथा काठमाडौ उपत्यका बाहिर भ्रमण गर्दा वास्तविक खर्चको बील बमोजिमको रकम समेत भुक्तानी गर्नेगरी वाह्य लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव अध्यक्ष ज्यूबाट सभा समक्ष पेश गुर्नभएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन गरी पारित गर्ने निर्णय गरियो ।

९.५.**पूर्व निर्धारित साधारण प्रस्ताव नं.(५)** सम्बन्धमा यस आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावली बमोजिम साधारण शेयरधनी समुह "ख" को तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद संख्या २ (दुई) को निर्वाचन परिणाम सभामा जानकारी गराउन निर्वाचन अधिकृत /अधिवक्ता श्री पुरुषोत्तम प्रसाद घिमिरेलाई सभा अध्यक्षज्यूले अनुरोध गर्नुभयो ।

निर्वाचन अधिकृतको कार्यालयबाट मिति २०७९/११/२३ गते निर्वाचन कार्यक्रम प्रकाशित गरि सोही अनुरुप प्रक्रिया अगाडी बढाईएकोमा सो प्रक्रिया अनुसार कुनै पनि शेयरधनीहरुबाट मनोनयन पत्र दर्ता नभएकोले पूर्व निर्धारित प्रस्ताव बमोजिम साधारण शेयरधनी समूह "ख" को तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद संख्या २ (दुई) हाललाई निर्वाचित नभएको जानकारी निर्वाचन अधिकृतले सभासमक्ष गराउनु भयो । साथै, सो सम्बन्धमा सभामा छलफल गर्दा यस आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावली बमोजिम साधारण शेयरधनी समुह "ख" को तर्फबाट २ (दुई) जना शेयरधनीहरु सञ्चालक समितिमा प्रतिनिधित्व गराउनुपर्ने व्यवस्था रहेको

हुँदा सो बमोजिमका २ (दुई) जना शेयरधनीहरु सञ्चालक समितिमा प्रतिनिधित्व हुने गरी मनोनित गर्न सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय सर्वसम्मतबाट पारित गरियो ।

९.६. **पूर्व निर्धारित विशेष प्रस्ताव नं.(१)** सम्बन्धमा सञ्चालक समितिको सिफारिश बमोजिम यस वित्तीय संस्थाको आ.व.२०७८/७९ को मुनाफा र गत बर्ष सम्मको संचित मुनाफा रकम समेतबाट २०७९ असाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु.२,०७,००,०००।- (अक्षरेपी दुई करोड सात लाख) को २० प्रतिशतले हुन आउने रकम रु.४१,४०,०००।-(अक्षरेपी एकचालिस लाख चालिस हजार) बोनस शेयर वितरण गर्न स्विकृत गर्ने प्रस्ताव अध्यक्ष ज्यूबाट सभा समक्ष पेश गुर्नभएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन गरी पारित गर्ने निर्णय गरियो ।

९.७. **पूर्व निर्धारित विशेष प्रस्ताव नं.(२)** सम्बन्धमा सञ्चालक समितिको सिफारिश बमोजिम हाल वित्तीय संस्थाको जारी तथा चुक्ता पुँजी रु.२,०७,००,०००।- रहेकोमा बोनश शेयर जारी पछि कायम हुने जारी पूँजी र चुक्ता पूँजी रु.२,४८,४०,०००।-(अक्षरेपी दुई करोड अठचालीस लाख चालिस हजार) पुऱ्याउन यस वित्तीय संस्थाको प्रबन्ध-पत्रको दफा ६ को उपदफा (ख) र (ग) मा आवश्यक संशोधन स्विकृत गर्ने प्रस्ताव अध्यक्ष ज्यूबाट सभा समक्ष पेश गुर्नभएको निम्न बमोजिम संसोधन गर्ने गरि सो प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन गरी पारित गर्ने निर्णय गरियो ।

**प्रबन्धपत्रमा संशोधन सम्वन्धी प्रस्तावको तीनमहले विवरण**

| दफा उपदफा | साविकको व्यवस्था | संशोधन प्रस्ताव | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| **दफा ६** | **वित्तीय संस्थाको पूँजीको संरचना :** | **वित्तीय संस्थाको पूँजीको संरचना :** | बोनस शेयर जारी पश्चात पुँजी वृद्धि हुने भएकोले । |
| **उपदफा ६(ख)** | वित्तीय संस्थाको जारी पूँजी रु.२,०७,००,०००/- (अक्षरेपि दुई करोड सात लाख मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१०० दरका २,०७,००० (दुई लाख सात हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ । | वित्तीय संस्थाको जारी पूँजी रु.२,४८,४०,०००/- ( अक्षरेपि दुई करोड अठचालिस लाख चालिस हजार मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१०० दरका २,४८,४०० (दुई लाख अठचालिस हजार चार सय) थान साधारण शेयरमा विभाजन गरिएको छ । | |
| **उपदफा ६(ग)** | वित्तीय संस्थाको चुक्ता पूँजी रु.२,०७,००,०००/- (अक्षरेपि दुई करोड सात लाख मात्र) हुनेछ । | वित्तीय संस्थाको चुक्ता पूँजी रु.२,४८,४०,०००/- ( अक्षरेपि दुई करोड अठचालिस लाख चालिस हजार मात्र) हुनेछ । | |

९.७. **पूर्व निर्धारित विशेष प्रस्ताव नं. (३)** सम्बन्धमा आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेड लाई डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि सम्पन्न सम्झौतापत्र, सहमतिपत्र, संयूक्त (एक्विजिशन) प्राप्ती समिति गठन एवं संयूक्त प्राप्ति (एक्विजिशन) समितिलाई आवश्यक कार्य गर्न सक्ने अख्तियार प्रत्यायोजन गर्ने तथा सञ्चालक समितिको निर्णय अनुमोदन गर्ने प्रस्ताव अध्यक्ष ज्यूबाट सभा समक्ष पेश गुर्नभएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन गरी पारित गर्ने निर्णय गरियो ।

९.८. **पूर्व निर्धारित विशेष प्रस्ताव नं.(४)** सम्बन्धमा आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनका लागि चल, अचल सम्पत्ति र दायित्व मूल्यांकन (Due Diligence Audit) गर्न संयूक्त प्राप्ति (एक्विजिशन) समितिबाट सम्पत्ती र दायित्व मूल्यांकनकर्ता एस.ए.आर.एसोसियट्स चाटर्ड एकाउण्टेण्टस्लाई गरेको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गरेकोमा सञ्चालक समितिको सिफारिश बमोजिम लेखापरीक्षक नियूक्ति र पारिश्रमिक सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने प्रस्ताव

अध्यक्ष ज्यूबाट सभा समक्ष पेश गुर्नभएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन गरी पारित गर्ने निर्णय गरियो ।

९.९. **पूर्व निर्धारित विशेष प्रस्ताव नं. (५)** सम्बन्धमा आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि मूल्याङ्कनकर्ता एस.ए.आर एसोसियट्स बाट प्राप्त सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) तथा अन्य सम्बद्ध ब्यवस्था समेतका आधारमा संयूक्त प्राप्ति (एक्विजिशन) समितिको सिफारिशमा यस वित्तीय संस्थाको सञ्चालक समितिले स्वीकृत गरे बमोजिम डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर बरावर आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर हुने गरी शेयर आदान प्रदान अनूपात (Share Swap Ratio) १:१ (एक कित्ता बरावर एक कित्ता) कायम गरी डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि.ले यस वित्तीय संस्थालाई प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने प्रस्ताव अध्यक्ष ज्यूबाट सभा समक्ष पेश गुर्नभएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन गरी पारित गर्ने निर्णय गरियो ।

९.१०. **पूर्व निर्धारित विशेष प्रस्ताव नं.(६)** सम्बन्धमा आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि गर्ने तथा अन्तिम सम्झौता पत्र (Final Scheme of Arrangement) लगायतका अन्य कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव अध्यक्ष ज्यूबाट सभा समक्ष पेश गुर्नभएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन गरी पारित गर्ने निर्णय गरियो ।

९.११. **पूर्व निर्धारित विशेष प्रस्ताव नं.(७)** सम्बन्धमा आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिशन) गरे पश्चात डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट एकिकृत कारोवार गर्ने प्रस्ताव अध्यक्ष ज्यूबाट सभा समक्ष पेश गुर्नभएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन गरी पारित गर्ने निर्णय गरियो ।

९.१२ पूर्व निर्धारित विशेष प्रस्ताव नं.(८) सम्बन्धमा आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने प्रक्रियामा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायत नियमनकारी निकायको स्वीकृति लिने/अभिलेख गर्ने क्रममा वा पूँजी संरचना वा प्रबन्धपत्र, नियमावलीको संशोधन सम्बन्धमा नियमनकारी निकायहरुबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन बमोजिम संशोधन/परिमार्जन समेतका सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव अध्यक्ष ज्यूबाट सभा समक्ष पेश गुर्नभएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन गरी पारित गर्ने निर्णय गरियो ।

१०. **विविध : विविध प्रस्ताव अन्तर्गत** यस पाँचौ बार्षिक साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए वमोजिम संचालक समितिका पदाधिकारीहरु, संस्थापक शेयरधनीको तर्फ बाट श्री महेश प्रसाद तिमिल्सिना तथा सर्वसाधारण शेयरधनीको तर्फबाट श्री शिव प्रसाद पौडेल एवं कम्पनी सचिव श्री राजेश शर्माले दस्तखत गर्ने गरी हस्ताक्षरकर्ता तोक्ने निर्णय गरियो ।

११. **सभा विसर्जन :**

अन्त्यमा, अध्यक्षज्यूले सभा सञ्चालन गर्न सभामा उपस्थित शेयरधनी महानुभावहरुबाट प्राप्त सहयोग तथा सभा सफलतापूर्वक सम्पन्न भएकोमा सबैलाई धन्यवाद ज्ञापन गर्दै सभा अन्त्य भएको घोषणा गर्नुभयो ।

**प्रमाणित गर्ने**

**राजेश शर्मा**
**कम्पनी सचिव**